# आर्थिक बर्ष २०७७/०७८ को बार्षिक

## समिक्षा कार्यक्रम

## एवंम् कार्यपालिका बैठक




### मुसिकोट नगरपालिका

### नगर कार्यपालिकाको कार्यालय

रुकुम (पश्चिम)

यस मुसिकोट नगरपालिकाको आर्थिक बर्ष २०७७/०७८ को बजेट तथा कार्यक्रम स्थानीय सरकार संचालन ऐनको ६६ बमोजिम गठित श्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिले गरेको बजेट सीमाको आधारमा सोहि ऐनकै दफा ६७ नुसार गठित समितिले मुसिकोट नगरपालिकाको बजेट तर्जुमा दिग्दर्शन, २०७४ बमोजिमका क्षेत्रहरुका आधारमा बर्गिकरण गर्दै बजेट तथा कार्यक्रम तर्जुमा गरि सरकार संचालन ऐनको दफा ७१ बमोजिम आर्थिक बर्षको नीति, कार्यक्रम तथा बजेट सभामा पेश गरि स्वीकृत भइ कार्यन्वयनमा आएको थियो । स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा २४ बमोजिम नगरको समग्र बिकास गर्दै दिगो बिकासको लक्ष्यमा पुग्न मध्यकालीन तथा दिर्घकालिन योजनाहरु बनाइ कार्यान्वयनको विधि अवलम्बन गर्न थालिएको छ । बिश्वब्यापी महामारीको रुपमा फैलिरहेको दोस्रो भेरियन्टको कोरोना भाइरस COVID-१९ संक्रमणको रोकथाम, नियन्त्रण तथा प्रतिकार्यको नगरपालिकाको ठुलो आर्थिक तथा भौतिक क्षतिको सामना गर्नु परेको छ ।

बजेटले नागरिकहरुको जीवनस्तरमा गुणात्मक सुधार गर्ने, सामाजिक न्याय सहितको आर्थिक तथा सामाजिक बिकास गर्ने, समाजबाद उन्मुख अर्थतन्त्रको आधारशिला निर्माण गर्ने, सन्तुलित रुपमा जलबायु अनुकुलन बिकास निर्माण गर्ने, बिभिन्न सार्बजनिक संरचनाहरुको संरचनात्मक सुधार तथा निर्माण गर्ने, भाषा-धर्म-संस्कृति-रितिरिवाज तथा प्राकृतिक सम्पदाहरूको संरक्षण गर्ने, पछाडी परेका बर्गहरुको जीवनस्तरमा उल्लेखनीय सुधार गर्ने र प्रशासनिक तथा आर्थिक कार्यप्रणालीमा जवाफदेहिता, पारदर्शिता तथा सदाचारिता अभिवृद्धि गर्ने लक्ष्य लिएको थियो । नागरिकहरुलाई स्थानीय सरकार प्रति बोध गराउदै "हामीले तिरको कर हाम्रै लागि आधुनिक र समृद्ध नगर निर्माणको लागि" भन्ने मूल अभिप्रायका साथ समानता, मितव्ययितता आधारमा कर संकलन प्रणाली अबलम्बन गरिएको छ ।

नगरपालिकाको समग्र बार्षिक आर्थिक तथा वित्तीय कार्यप्रणालीलाइ भ्रष्टाचार बिरुद्धको शुन्य सहनशीलता, जिम्मेवार, पारदर्शी, सु-व्यवस्थित, नातिजामुलक तथा उत्तरदायी बनाउन स्थानीय तहको संचितकोष ब्यबथापन प्रणाली (SuTRA) को प्रयोग गरिएको छ। साथै आम नागरिकहरुले पाउने सेवा प्रवाहलाई चुस्त, दुरुस्त बनाउन तथा नगरको विभिन्न अभिलेखहरुलाई दिगो र सु-ब्यबस्थित राख्न सूचना प्रविधिको उच्चतम प्रयोग गर्दै बिभिन्न सफ्टवेयर प्रणालीहरुको पर्योग गरिएको छ ।नगरपालिकाको बजेट कार्यन्वयन, आर्थिक तथा प्रशासनिक कार्यप्रणालीको प्रभाकारिताको उपलब्धिहरुको परिक्षणको लागी सार्बजनिक सुनुवाई तथा गुनासो सुनुवाईका कार्यक्रमहरु संचालन गरिएको छ । साथै विकास निर्माण, प्रकोप ब्यबस्थापन तथा अन्य कार्यहरुमा संघीय सकार, प्रदेश सरकार,अन्तर स्थानीय तह तथा अन्य सरोकारवाला निकायहरुसंग समन्वय तथा साझेदारी गरि संचालन गर्ने गरिएको छ ।

-> प्रस्तुता

# परिचय

नेपालको एकात्मक शासन प्रणाली बमोजिम रुकुम जिल्लाको मुख्य बजार केन्द्र रहेको साबिक खलंगा गा.वि.स. सदरमुकाम र साँख गा.वि.स मिलाएर मुसिकोट नगरपालिका २०७१ मंसिर १६ गते मन्त्रिमण्डलको निर्णयबाट स्थापना भएको हो । त्यसपछि नेपालको सङ्घीय शासन प्रणाली अनुरूप नेपालको संबिधान २०७२ को धारा २९५ को उपधारा (३) बमोजिम गठित गाँउपालिका, नगरपालिका, स्वायत्त, संरक्षित वा बिशेष क्षेत्रको नाम, संख्या तथा सिमाना निर्धारण आयोगको सिफारिसमा बनेको ७५३ वटा स्थानीय तह मध्यको एक हो ।कर्णाली प्रदेश अन्तर्गतको रुकुम (पक्षिचम) जिल्लामा पर्ने यो मुसिकोट नगरपालिका साविकको खलंगा, सांख, चौखावाङ, भलाक्चा, छिवाङ गा.बि.स. तथा स्यालापाखा गा.बि.स.को वडा नम्बर ३ र ४ मिलेर यस नगरपालिका बनेको छ । पूर्वमा सिस्ने र भुमे गाउँपालिका, पश्चिममा सानीभेरी गाउँपालिका, उत्तरमा वाँफीकोट गाउँपालिका र दक्षिणमा त्रिवेणी गाउँपालिका र रोल्पा जिल्ला रहेको यस नगरपालिकामा १४ वटा वडा रहेका छन् भने यसको क्षेत्रफल १३६.६ वर्ग कि.मि. रहेको छ र जम्मा जनसंख्या ३५३४८ रहेको छ ।



# नगरपालिकाको आर्थिक बर्ष २०७७/७८ को यथार्थ आय/व्यय

| क्र.स. | सरकार | श्रोत | आय/आम्दानी | व्यय/खर्च | खर्च प्रतिशत | मौजदात/फ्रिज |
|---|---|---|---|---|---|---|
| १ | संघीय सरकार | वित्तीय समानीकरण अनुदान | ११७४०००० | १०२३९८४९९ | ८७.२२ | १५००१५०१ |
| २ | | सशर्त अनुदान | ३९९०८१७२४ | ३५४५३३१०४ | ८८.८४ | ४४५४८६२० |
| ३ | | समपुरक अनुदान | १११३४००० | ९४४७०५२ | ८४.८५ | १६८६९४८ |
| ४ | | बिशेष अनुदान | १५०००००० | ७८८७११८ | ५२.५८ | ७११२८८२ |
| ५ | | राजश्व बाँडफाड | ७७९६२४०६ | ५१०९३८१९ | ६५.५४ | २६८६८५८७ |
| ६ | प्रदेश सरकार | वित्तीय समानीकरण अनुदान | १००५२००० | ९४५१०७६ | ९४.०२ | ६००९२४ |
| ७ | | सशर्त अनुदान | २८५९६३६५ | २८५९६३६५ | १००.०० | ० |
| ८ | | समपुरक अनुदान | १८२८८००० | १८२८८००० | १००.०० | ० |
| ९ | | बिशेष अनुदान | ६०००००० | ६०००००० | १००.०० | ० |
| १० | | बाँडफाँड भई प्राप्त दहत्तर बहत्तरको विक्रिबाट प्राप्त हुने आय | १५३११९१ | ० | | १५३११९१ |
| ११ | नगरपालिका | आन्तरीक श्रोत | ५२५८३१५९ | ३५३६८९२१ | ६७.२६ | १७२१४२३८ |
| | जम्मा | | ७३७६२८८४४ | ६२३०६३९५४ | ८४ | ११४५६४८९० |

## नगरपालिकाको आर्थिक बर्ष २०७७/७८ को यथार्थ आय/व्यय संक्षिप्तमा

| क.स | खर्च | विनियोजित रकम (अनुमानित आयको) | खर्च (वस्तविक आयको) | खर्च प्रतिशत (अनुमानित आयको) | कैफियत |
|---|---|---|---|---|---|
| १ | चालु | ४५,९४,०९,८६०/- | ४०,३५,१६,७३८.२८/- | ८७.८३ | |
| २ | पुँजीगत | २९,७५,५२,२१०/- | २१,९९,०७,६९०/- | ७३.९० | |
| जम्मा | | ७५,६९,६२,०७०/- | ६२,३४,२४,४२८.२८/- | ८२.३० | |

## नगरपालिकाको आर्थिक बर्ष २०७७/७८ कोलेनिका मार्फत तथा संचितकोषमा फिर्ता रकम

| क.स. | निकाय | रकम | कैफियत |
|---|---|---|---|
| १ | कोलेनिका मार्फत संघ तथा प्रदेशमा फिर्ता रकम | ५७७६४८९०/- | |
| २ | नगरपालिकाको संचित कोषमा मार्फत फिर्ता रकम | ५६८००००/- | |
| जम्मा | | ११४५६४८९०/- | |

# आर्थिक बर्ष २०७७/७८ मा TSA/CGAS अन्तर्तग संघ तथा प्रदेश बाट हस्ताणतरित कार्यक्रमहरुको विवरण संक्षिप्तमा

| क्र.स. | श्रोत | कार्यक्रम | बजेट | खर्च | फ्रिज |
|---|---|---|---|---|---|
| १ | संघ | स्थानीय पूर्वाधार बिकास साझेदारी | ४५,००,००० | ३९,९८,३३३ | ५,०१,६६७ |
| २ | | गरिवसंग विश्वेश्वर कार्यक्रम | ७,७७,००० | ७,७७,००० | ० |
| ३ | | सामाजिक सुरक्षा तथा संरक्षण कार्यक्रम | ८,०३,४०,००० | ७,९१,७०,७९२ | ११,६९,२०८ |
| ४ | | महिला तथा बालबालिका विभाग | ३,००,००० | ३,००,००० | ० |
| १ | प्रदेश | डेरी उद्योग प्रवर्द्धन कार्यक्रम | २,००,००,००० | ९०,०५,०३६ | १,०९,९४,९६४ |
| २ | | मुख्यमन्त्री स्वरोजगार उद्यमशिलता आयआर्जन कार्यक्रम | ६,२२,५४,००० | ५,४९,५१,३५७ | ७३,०२,६४३ |
| ३ | | बैंक खाता छोरीको सूरक्षा जीवनभरीको कार्यक्रम | २९,८२,००० | २९,६९,००० | १३,००० |
| ४ | | प्राकृतिक प्रकोप राहत वितरण कार्यक्रम | २,५०,००० | २,५०,००० | ० |
| ५ | | टयाखोला खेलमैदान मुसिकोट ६ | १०,००,००० | १,००,०००० | ० |
| | | | १७,२४,०३,००० | १५,२४,२१,५१८ | १,९९,८१,४८२ |

## नगरपालिकाको हाल सम्मको बेरुजुको अवस्था

| क्र.स. | आर्थिक बर्ष | प्रकार | रकम | जम्मा | कैफियत |
|---|---|---|---|---|---|
| १. | २०७६/०७७ | नियमित गर्नुपर्न्ने | ५०७६४०९४.४७ | ७११७३६४०।८६ | |
| २. | | असुल उपर गर्नुपर्ने | १८६९५४६.३९ | | |
| ३. | | पेश्की फछर्यौट | ११३४०००० | | |
| ४. | २०७५/०७६ | नियमित गर्नुपर्न्ने | ९२६३८४७ | १७९२२६७ | |
| ५. | | असुल उपर गर्नुपर्ने | १८४७५ | | |
| ६. | | पेश्की फछर्यौट | ५०९९४५ | | |
| ७. | २०७४/०७५ | नियमित गर्नुपर्न्ने | ८३१४९००० | ११२६७००० | |
| ८. | | असुल उपर गर्नुपर्ने | ६०३७००० | | |
| ९. | | पेश्की फछर्यौट | २०८१००० | | |
| | | जम्मा | | १७३० ३२९०७ | |
| जम्मा | नियमित गर्नुपर्ने रु. १४३१७६९४१.४७ | असुलउपर गर्नुपर्ने रु. १५९२५०२१.३९ | पेश्की फछ्र्यौट गर्नुपर्ने: १३९३०९४५ | | |

## योजना तर्फ

| क्र.स. | क्षेत्र | कुल योजना | सम्झौता भएका | सम्पन्न भएका | संस्था द्वारा | उपभोक्ता समिति द्वारा |
|---|---|---|---|---|---|---|
| १ | नगर | ९३ | ९३ | ८५ | ९ | ७९ |
| २ | वडा स्तारीय | ४७ | ४७ | ४७ | २५ | २२ |
| ३ | शहरी शाकीय कार्यक्रम | १८ | १७ | १७ | ० | १७ |
| | | १५८ | १५७ | १५२ | ३४ | ११८ |

## प्रधानमन्त्री रोजगार कार्यक्रम तर्फ

| क्रस | कुल योजना | कुल विनियोजित तथा प्राप्त बजेट | कुल खर्च | खर्त प्रतिशत | फ्रिज | रोजगार प्राप्त संख्या | जम्मा कार्यदिन |
|---|---|---|---|---|---|---|---|
| १ | ६३ | २,४६,६१,००० | २,३३,६१,००० | ९४.७३ | १३,००,००० | ७२२ | ४४६४४ |

## मुख्यमन्त्री रोजगार कार्यक्रम तर्फ

| क्र.स | कुल योजना | कुल विनियोजित तथा प्राप्त बजेट | कुल खर्च | खर्त प्रतिशत | फ्रिज | रोजगार प्राप्त संख्या | जम्मा कार्यदिन |
|---|---|---|---|---|---|---|---|
| १ | ३० | ६,२२,५४,००० | ५,४९,५१,३५७ | ८८.२७ | ७३,०२,६४३ | ९३४ | |

## आर्थिक बर्ष २०७७/७८ मा सम्पादन भएका मुख्य मुख्य कार्यहरु

- नगरपालिकाले प्रवाह गर्ने सम्पुर्ण सेवाहरुलाई एउटै छानाबाट प्रवाह गर्न नगर कार्यपालिका कार्यालयको संरचनात्मक सुधार गरीएको ।
- नगरपालिकाले सम्पादन गरेका सम्पुर्ण गतिविधि तथा जानकारीरु सहजै नगरवासीको पँहुचमा पुर्याउन मासिक बुलेटिन तथा त्रैमासिक रुपमा स्वःत प्रकाशन गर्ने गरिएको।
- बजार क्षेत्रको शान्ति सुरक्षा कायम राख्न १२ ठाउँमा सि.सि. टि.भि जडान गरिएको,
- ७७ अति गरिब घरपरिवारलाइ जस्तापाता वितरण गरिएको,
- नगरपालिकाका मुख्य मुख्य बजार क्षेत्रको फोहोर ब्यवस्थापन गरिएको,
- ७ ओटा अधारभुत स्वस्थ्य केन्द्र निर्माण गरी आधारभुत स्वास्थ्य सेवा प्रदान गरेको,
- सुरक्षित नागरिक आवस अन्तर्गत ५ वटा घरहरु निर्माण गरेको,
- गरिव घरपरिवार पहिचान गरेको,
- मुसिकोट नगरपालिका ४ नं. ठाराडुङ्गामा मा दाना उद्योग निर्माण गरि सञ्चालनमा ल्याइएको,
- मुसिकोट नगरपालिका १२ मा डेरी उद्योग निर्माण कार्यको सुरुवात गरेको,
- मुसिकोट नगरपालिका ५ मा तरकारी संकलन केन्द्र निर्माण गरेको,
- पर्यटकीय तथा धार्मिक स्थल, मुसी दरबार, डिग्रे शाईकुमारी मन्दिरको आवश्यक पूर्वाधार निर्माण तथा शौन्दर्यकरण गरिएको,
- सितल पोखरीमा पार्क निर्माण काम सम्पन्न भएको,
- मुसिकोट नगरपालिका १० नं. वडा मा कामी बुढा स्मृति पार्क निर्माणको काम सुरु गरिएको,
- पानीका स्रोत अभाव रहेका वस्ती तथा टोलहरुमा लिफ्टिङ मार्फत सिंचाई र खानेपानी पुऱ्याइएको,
- पिसिसि गोरेटो बाटो ३५ कि.मि. र गोरेटो बाटो ३८ कि.मि. निर्माण गरि नगरबासिको आवत जावतलाई सहज बनाईएको ।


## आर्थिक बर्ष २०७७/७८ मा सम्पादन भएका मुख्य मुख्य कार्यहरु

- कृषकलाई ब्यावसायीक कृषि उत्पादनमा जोड्न आलु विकास, अलैची विकास, तरकारी वीउँ उत्पादन, कफी विकास, ताजा तरकारी उत्पादन, मसला विकास र फलफुल विकास गरी ७ वटा पकेट क्षेत्र निर्धारण गरी सो अनुसारका कृषि सम्बन्धी कार्यक्रमहरु संचालन गरिएका।
- कृषकहरुलाई बेमौसमी तरकारी उत्पादनमा जोड्न ४५० भन्दा बढी टनेल लगायत कृषि उत्पादन सामाग्री वितरण गरिएको ।
- ओखर खेतीलाई ब्यावसायीक रुपमा विकास र विस्तार गर्न पहिलो चरणमा आधुनिक जातका ४४०० ओखरका विरुवा वितरण गरी रोपण गरिएको छ । फलफूल खेतीलाई प्रवर्द्धन गर्न थप १०५ हेक्टर जमिनमा सुन्तला जात फलफुल खेती विस्तार गरिएको ।
- २७५ जना न्युन परिवार, बिपन्न र दलित घरपरिवारलाई ४९५० गोटा कुखुरा वितरण गरि स्वास्थ्य, पोषणमा तथा आर्थिकमा समेत सुधार हुनुको साथै ब्यावसायीक रुपमा कुखुरा पालन गर्ने किसानको संख्यामा वृद्धी भएको छ।
- ३४० जना कृषक, फार्म र सहकारीहरुलाई २५ वटा बोका र ४३० वटा बाख्रा वितरण गरी कृषकहरुको आयआर्जनमा सुधार तथा ब्यबसायीक रुपमा बाख्रापालनको सुरुवात भएको।
- २,३५५ गोटा पशुहरुको निशुल्क बिमा गरी विमा माग दावि भुक्तानीको लागि सहजिकरण गरिएको ।
- प्रतिलिट दुधमा अनुदान कार्यक्रम सुरु गरिएको ।
- लागत साझेदारीमा भैंसी तथा बाख्रा वितरण गरेको ।
- ३७२ वटा कृषक सहकार्य समुह दर्ता गरिएको ।
- ३ वटा बर्थिङ्ग सेन्टरलाई थप सुबिधायुक्त र सहज पहुँच योग्य बनाईएको,
- ४७ जना बिपन्न नागरिकको उपचार गर्न तोकिएका अस्पतालमा सहायता सिफारिस गरिएको।
- २२८८ विरामीहरुको कोभिड परिक्षण गरी ५४८ जना सङ्क्रमण पुष्टी पश्चात जटिल अवस्थाका सङ्क्रमित नागरिकहरुको निशुल्क उपचार गरिएको ।
- जेष्ठ नागरिक आँखा शिविर सञ्चालनबाट १४५ जना जेष्ठ नागरिकहरु लाभन्वित भएको र ६५ जना जेष्ठ नागरिकहरुले आँखाको मोति विन्दुको अप्रेशन गरिएको।
- जोखीममा परेका तथा संरक्षण विहिन १५० जना बालबालिकाहरुलाई शैक्षिक सामाग्री सहयोग गरिएको ।
- महिला समुह ३० वटा, समिति ५ वटा, सहकारी संस्थाहरु ५ वटा गठन गरिएको।

## आर्थिक बर्ष २०७७/७८ मा सम्पादन भएका मुख्य मुख्य कार्यहरु

- १३५० जना जेष्ठ नागरिकहरुलाई छाता, फाईबर सिरक, सल र टर्च वितरण गरिएको।
- १०३ जना जेष्ठ नागरिक र १७८ जना अपाङ्ग नागरिकहरुलाई परिचय पत्र वितरण गरिएको छ।
- प्राकृतिक प्रकोपबाट प्रभावित घर, परिवारलाई सहयोग हुने गरी तारजाली ८७६ थान, १६ एम.एम. को पाइप १३०० मिटर, २० एम.एम. को पाइप ७७५० मिटर, २५ एम.एम. को पाइप १७०० मिटर, ३२ एम.एम. को १६५० मिटर, ४० एम.एमको ८० मिटर र ५० एम.एम.को पाइप १५०० मिटर वितरण गरिएको छ भने नगद आठ लाख पैंतिस हजार रुपियाँ सहयोग बाट ३८३ घर परिवार लाभान्वित भएको ।
- नगरपालिकाले सम्पादन गरेका हरेक सुचना जानकारीहरुलाई मोबाइल अप्लिकेशन, वेबसाइट, सामाजिक संजाल, डिजिटल सुचना बोर्ड मार्फत नियमित प्रकाशन गर्ने गरेको।
- सार्वजनिक सेवा प्रबाहलाई प्रभावकारी बनाउन कार्यालयको परिसर भित्र फ्री वाईफाई, हेल्प डेस्क, प्रतिक्षालय ग्रुप एस.एम.एस, सिसि क्यामेरा, बिद्युतीय हाजिरी प्रणाली गरी संचालनमा ल्याएको ।
- सामाजिक सुरक्षा भत्ता पाउने ५६३६ जना लाभग्राहीमा दर्ता तथा २५८ जना छोरीहरुलाई **"वैङक खाता छोरीको सुरक्षा जीवन भरीको"** कार्यक्रममा आवद्धता गरिएको ।
- विद्यालयको पठनपाठन, भवन निर्माण, मर्मत, शौचालय निर्माण, खानेपानी, फिल्ड, खेलकुद मैदान लगायत भौतिक पुर्वाधारमा सुधार ल्याइएको ।

# फोटोहरु


नगर कार्यपालिकाको कार्यालय
नगर कार्यपालिका कार्यालयको
संरचनात्मक सुधार


प्रतिक्षालय


निर्माणाधिन prefab


# फोटोहरु










End of presentation
Thank You!
Phone number | Email ID | Website Address | Physical Address
© Presentation-Process.com